# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, अत्तरिया कैलाली, नेपाल

## शिलबन्दी बोलपत्र आव्हानको ३० दिने सुचना ।
(प्रथम पटक प्रकाशित मिति २०७६/११/२२)

यस गोदावरी नगरपालिकाको लागि तपसिल बमोजिक खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म वा निर्माण व्यवसायीबाट यो सूचनाको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**बोलपत्रका शर्तहरु :**

१) बोलपत्र फारम रु ३०००/- (तीन हजार) फिर्ता नहुने गरि तिरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको योजना शाखाबाट खरिद गुर्न पर्ने छ । बोलपत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नविकरण भएको फर्मको ईजाजत पत्र, आन्तरिक राजश्व कार्यालय मु.अ कर दर्ता भएको प्रमाण पत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२) यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन भित्र बोलपत्र खरिद गर्ने र ३१ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु सोही दिन ठिक २ बजे यसै कार्यालयमा बोल पत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनहरु सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा ति कामहरु हुनेछन ।

३) बोल पत्र पेस गर्दा तपसिलको धरौटी वापत गोदावरी नगरपालिका कार्यालयको नाममा रहेको NIC ASIA मा अत्तरियामा रहेको धरौटी खाता चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ Ga 3 dhaurautui khata मा नगद जम्मा गरि सो को सक्कल भौचर वा अन्य मान्यता प्राप्त वाणिज्य बैंकको १२० दिन को म्याद रहेको विड वण्ड सक्कलै बोलपत्र साथ संलग्न गर्नुपर्ने छ । बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ ।

४) बोलपत्र दाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेसा वा व्यवसाय सम्बन्धीत कसुरमा आफुले सजाय नभएको भनी लिखितरुपमा गरेको घोषणा बोलपत्र साथ पेस गर्नु पर्ने छ ।

५) बोल पत्र पेस गर्दा सिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यालयको विवरण र बोल पत्र दाता फर्मको नाम , ठेगाना र छाप लागेको हुनु पर्नेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७) बोल पत्र शर्त रहित, केरमेट नभएको, कार्यालले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ ।

८) समयमा प्राप्त नभएको रित नपुगेको सुचनाको शर्त विपरित भएको बोलपत्र माथि कारवाही हुने छैन ।

९) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्रो संग बुझि बोलपत्र भरेको मानिनेछ ।

१०) बोलपत्र भर्दा दर रेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) बोल पत्र सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१२) बोलपत्रमा दररेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३) बोलपत्र दाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाईएमा निज बोलपत्र दाताको बोलपत्र रद्ध गरि कालोसुचीमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गरिनेछ ।

१४) नियमानुसार लाग्ने कर दस्तुर आदि सम्पुर्ण बोलपत्र दाताफर्मले स्वंयम बेहोर्नुपर्नेछ ।

१५) एक फर्मको नाममा खरिद भएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१६) यस सुचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य सरकारको प्रचलित कानुन अनुसार हुने छ ।

तपसिल :

| सि.नं. | ठेक्का संकेत नम्बर | कामको विवरण | लागत इष्टीमेट (मू.अ. कर, कन्टेनजेन्सी बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/W/20/2076/77 | घण्टेश्वर रोड कालोपत्रे वार्ड नं. १ | ४६,६४,७९८.०६ | ११००००.०० | |
| २. | NCB/W/21/2076/77 | सैपाल देउवा सिर्जनशिल पृथ्वीनगर अरुण मार्ग | २१,६१,८९३.७२ | ५००००.०० | |

.................
खेम राज बिष्ट
प्रमुख प्रशासकिय अधिकृत